| | | |
|---|---|---|
| १४ | भूमिका साप्ताहिक (काठमाडौं) | १) पत्रिकाको असार २०, १३, ६, जेठ २४, १७, १०, ३, बैशाख २७, २०, १३, ६ गतेको पृष्ठ ३ र ६ मा मिति उल्लेख नगरी हुबहु विज्ञापन प्रकाशित गरेको भए पनि अन्य पृष्ठमा मिति उल्लेख हुनु र यी पृष्ठमा मात्र मिति उल्लेख नहुनुले हुबहु भएको पुष्टि गर्दछ ।<br>२) पुस ६ गतेको प्रथम पृष्ठमा प्रकाशित 'भारतद्वारा ६० हजार हेक्टर जमिनको अतिक्रमण' शीर्षकको समाचार गोरखापत्र दैनिकको पुस ५ गतेको एङ्कर न्यूजबाट हुबहु प्रकाशित ।<br>३) पुस २० गते पृष्ठ ४ मा प्रकाशित 'सीमा विवाद सम्बन्धमा छलफल' शीर्षकको समाचार गोरखापत्र दैनिकको पुस १९ गतेको प्रथम पृष्ठको 'सीमा विवाद समाधान गर्न सरकारलाई निर्देशनबाट हुबहु प्रकाशित ।<br>४) पुस २७ गतेको प्रथम पृष्ठको मुख्य समाचार 'सामन्तवादको अन्त्य र नयाँ नेपाल निर्माण' शीर्षकको समाचार गोरखापत्र दैनिकको पुस २६ गतेको 'माओवादीकै नेतृत्वमा आर्थिक क्रान्ति सम्भव छ' बाट हुबहु प्रकाशित ।<br>५) असोज ४ गतेको प्रथम पृष्ठको मुख्य समाचार आन्दोलनरत सबै पक्षलाई वार्तामा आउन अनुरोध' शीर्षकको समाचार गोरखापत्र दैनिकको ३ माघको 'उच्चस्तरीय राज्य पुनः संरचना आयोग एक महिनाभित्र बन्ने' बाट हुबहु प्रकाशित । सोही अंकको 'प्रथम पृष्ठकै 'अनावश्यक विवाद' शीर्षकको समाचार 'सेना समायोजनमा सातै दलको सहमति' गोरखापत्रको ३ माघकै प्रथम पृष्ठबाट र प्रथम पृष्ठको 'साझा अवधारणा बनाइने' शीर्षकको समाचार पनि गोरखापत्रको मुख्य समाचारबाट हुबहु प्रकाशित ।<br>६) २०६४ अशोज २५ गतेको गोरखापत्र पृष्ठ १ मा ***विशेष अधिवेशकै...***शिर्षकको समाचार सोहि दिनको भूमिका साप्ताहिकमा सोहि शिर्षकमा प्रकाशित ।<br>७) गोरखापत्र निस्केकै दिन २०६४ अशोज २५ गतेको समाचार २०६४ असोज २५ गतेकै भूमिका साप्ताहिकमा समाचार हुबहु देखिएकोले पत्रिका सोहि समाचार सोहि दिन प्रकाशित भएकोले यो पत्रिका बजार जाने देखिंदैन ।<br>८) गोरखापत्र असोज २४ गते पृष्ठ १ मा ***सहमति खोज्ने*** शिर्षकको समाचार र भूमिका २४ गतेकै पृष्ठ १ मा सोहि शिर्षकमा प्रकाशित भएको ।<br>९) गोरखापत्र असोज २३ पेज १४ मा ***बन फडानी*** शिर्षक. र भुमिका अशोज २५ गतेको पृष्ठ ४ मा ***अवैध रुपमा...*** शिर्षकमा हुबहु प्रकाशित ।<br>१०) गोरखापत्र २०६४ असोज ९ पेज १ शिर्षक ***प्रधानमन्त्रीद्वारा...***र भूमिका असोज ११ पेज १ ***नव नेपालको...***हुबहु ।<br>११) भूमिका पत्रिकाको पेज २ र ६ पेजको पुरै सामग्री एउटै विज्ञापन १० वटा अंक सम्म मिति उल्लेख नगरि दोहोराएको ।<br>**नोट** : पत्रिकाका अधिकांश समाचार गोरखापत्र दैनिकबाट श्रोत उल्लेख नगरी हुबहु प्रकाशित भएका छन् । |